# प्रकाशन समीक्षा

## हाम्रो खाना हाम्रो चासो

**चन्द्र प्र. आचार्य*, बबिता सुब्बा*, र मानकुमारी चौधरी ***

मानिसले खाने खाना कमसेकम शरीरको पौष्टिक आवश्यकता पूरा गर्ने किसिमको र स्वस्थ हुनु जरुरी छ । कृषि क्षेत्रमा प्रयोग गरिने विषादी भनेको प्राणीको पाचन प्रणालीले पचाउन नसक्ने र उसको शारीरिक प्रणालीलाई नै बिगार्ने वस्तु हो । यस कारणले हामीले उत्पादन गर्ने खाद्यवस्तु विषादी रहित, जैविक हुनुपर्दछ भन्ने यस पुस्तकको मुख्य सार हो ।

खाद्य अधिकार सबैको चासोको विषय हो, सहरमा होस् या गाउँमा, दुई छाक खान पुग्नेहरूले यसपट्टि अनभिज्ञता प्रकट गर्दछन् । केवल बिहान बेलुका हात मुख जोर्न नसक्नेहरूले मात्र यसको आवाज उठाइरहेका छन् । तीव्रतररूपमा भइरहेको विकास र जनसंख्याको वृद्धिले भविष्यमा छिट्टै भोकमरी आउनेछ । त्यो विकराल समस्याप्रति सजक रहनु सबैको चासोको विषय हो । खेतीयोग्य जमिन खेती गर्ने किसानको नियन्त्रणमा रहेमा, स्थानीय उत्पादन वृद्धिका लागि अनुसन्धान र परिक्षण गरी लगानी गरेमा, भौगोलिक बनावट र हावा पानी अनुकूलको खेती गरिएमा, स्थानिय खाद्यवस्तुको महत्व पुनःस्थापित गर्न सकिएमा, माटोको उर्वराशक्ति र जनसंख्या नियन्त्रण भएमा खाद्यान्न अभावको कुरै आउँदैन ।

प्रचारप्रसारको रूपमा खानासम्बन्धी प्रशस्त पुस्तक-लेखहरू पाइन्छन् । भविष्यमा हुने खाद्यान्न अभावलाई ध्यानै नदिएर लेखकहरूले आफ्ना व्यक्तिगत विचारलाई थुपारेका प्रशस्त सामग्री पाइन्छन् । यसको विपरीत यस पुस्तकले खाद्यअधिकार, भविष्यमा हुने खाद्य संकट लगायतका आम चासोको विषयवस्तुलाई उठाएको छ । यस्तो पुस्तक हामीले अन्यत्र भेटिएको छैन । विषयवस्तु अति सान्दर्भिक भएर पनि लेख छोटा भए । हेलिकप्टरमा उडाएर लगेको चामललाई रक्सी पार्न प्रयोग गरिन्छ भन्नुभन्दा झुपडीमा बसेर खाद्य अधिकारबाट वन्चित भएकाहरूको १/२ उदाहरण दिएमा प्रभावकारी हुन्थ्यो की ?

**प्रकाशकः** वातावरणीय कृषि तथा विकास केन्द्र, काठमाडौं, यू.एम.एन, पर्यावरणीय सेवा केन्द्र, मालिका सामुदायिक केन्द्र,
**लेखकः** प्रमोद दाहाल र टीका भट्टराई
**मुल्यः** रु. ५०।-

* *दिगो कृषिका लागि सामाजिक रुपान्तरण तालिमका सहभागीहरु*

## दिगो जीवन पद्धतिका लागी कृषिमा रुपान्तरण

**चन्द्रप्रसाद आचार्य*, बबिता सुब्बा*, र सिताराम गुँरागाई***

अनियन्त्रित रुपमा भइरहेको जनसंख्या वृद्धि, जलवायु परिवर्तनबाट खाद्यान्न उत्पादनमा आएको असर, खाद्यान्नको आयातको बिग्रदो परिस्थिति, बहुराष्ट्रिय कम्पनीको चपेटामा नेपाली उत्पादित वस्तु आदि कारणले खाद्य अधिकार संकटमा परेको छ। कृषि क्षेत्रको बिग्रदो अवस्था र विदेश पलायन हुने होडबाजीका कारण कृषि उत्पादनमा ह्रास आएपछि विदेशबाट अन्नलगायत खाद्यान्न बालीको आयातमा वृद्धि भएको छ। तथ्याङ्क अनुसार वर्षेनि १५ अर्ब ३६ करोडको खाद्यान्न आयात भएको छ। कृषि ज्ञान, प्रविधि अन्वेषण, सेवा प्रवाहमा संस्थागत कार्यप्रणाली तथा सबै क्षेत्रलाई पुनःजीवित गर्न सक्ने भूस्रोतको दिगो प्रयोग हुनुपर्छ भन्ने नै यस पुस्तिकाको मुख्य विषयवस्तु हो।

रसायनिक विषादी र मलको अत्यधिक प्रयोग, माटोको उर्वराशक्तिको ह्रास, खेतीपातीलाई उपेक्षित पेसाको रूपमा हेर्नुका कारण खेती प्रणालीमा विकृति आएको छ। जमिनको स्वामित्व, आवश्यक नीतिको अभाव उत्पादन सामग्री तथा सेवामा कमी, अनुपयुक्त उत्पादन प्रविधि कृषि उत्पादन घट्नुका मूल कारण हुन्। गरिब किसानसँग जीवन निर्वाह गर्न पर्याप्त जमिनको अभाव छ जब कि खेती गर्दै नगर्ने समूहको नियन्त्रणमा खेतीयोग्य जमिनको ठूलो हिस्सा छ। भाते संस्कृतिको प्रभुत्व र औद्योगिक खानाको प्रभावले पनि हाम्रो परम्परागत खानालाई चुनौती दिएका छन्। दिगो खेतीपातीका लागि जीवन पद्धतिको चक्रीय प्रणालीलाई स्थापित गराउनुपर्दछ। जैविक, पर्यावरणीय र स्थानीय स्रोतहरुको उपयोगमा आधारित खेतीबाट मात्र किसानको जीवनमा समृदि ल्याउन सकिन्छ भन्ने यस पुस्तिाको अर्को सन्देश हो।

पुस्तकका विषयहरु अत्यन्त सान्दर्भिक छन्। विषय अनुसारको विवरण भने कम भयो। पुस्तक अरू फराकिलो भएमा अत्यन्त राम्रो हुनेछ। खाद्य सबैको अधिकार हो। खाद्य सुरक्षा र दिगो खेतीको विषय आज भविष्यका लागि सोच्ने सबै नागरिकको महत्वपूर्ण पक्ष भएकाले यो पुस्तिका सार्वजनिक हित सोच्ने सबैले पढ्नु उपयुक्त छ। नेपालका नीति निर्माताहरुले विगतका राम्रा कुराहरुलाई अनुसरण गर्दै रसायनिक खेति प्रणालीलाई न्यून गर्दै दिगो खेतिपातिको नीति निर्माण गर्नु पर्दछ। यो सबैका लागि उपयुक्त छ। वर्तमान प्रतिस्पर्धाको समयमा भविष्यका लागि आवाज उठाउने यस्ता सामग्री अत्यन्त न्यून हुन्छन। सबै विषयलाई समेटेर लेखिएका यस्ता सामग्री बिरलै पाइन्छन्।

**प्रकाशकः** खाद्य तथा दिगो खेतीपाती अभियान, फरेष्टएक्सन नेपाल, काठमाडौं

* *दिगो कृषिका लागि सामाजिक रुपान्तरण तालिमका सहभागीहरु*